# ऐरावती गाउँपालिकाका अध्यक्ष नविल विक्रम शाहको अनुरोध

चिनको वुहान प्रान्तमा पहिलोपटक देखापरेको नोवेल कोरोना भाइरस (COVID -19) महामारीको रुपमा विश्वभर फैलिरहेको छ। हालसम्म विश्वका २१० मुलुकमा देखापरेको यो भाईरस नेपालमा पहिलोपटक वि सं २०७६ माघ ९ मा पहिलोपटक COVID-19 को संक्रमण पुष्टि भएतापनि संक्रमित व्यक्ति निको भएर घर फर्किसकेको अवस्थामा चैत्र १० गते दोस्रो व्यक्तिमा संक्रमण देखिएपछि नेपाल सरकारको मिति २०७६ चैत्र १० गतेको निर्णयानुसार लकडाउन घोषणा गरि परिक्षण कार्यलाई तिव्रता दिंईदै आएको छ। नेपालमा पीसीआर मेसिन बाट ६२९९ जनाको कोरोना परिक्षण गरिएकोमा १६ जनामा कोविड १९ को संक्रमण पुष्टि भईसकेको छ।

ऐरावती गाउँपालिकामा हालसम्म स्वास्थ्य कार्यालय प्यूठान तथा सरोकारवालाहरुको सहयोगमा ऐरावती २ का १ जना र ऐरावती ५ का १ जनाको स्वाव परिक्षण बुटवल र दाङमा भएको तथा क्वारेन्टाईनमा रहनुभएका २६ जनालाई Rapid Diagnostic Tests (RDT) क्वारेन्टाईन स्थलमै भएको र उहाँहरु सबैको रिपोर्ट नेगेटिभ आएको पुन जानकारी गराउन चाहान्छु। साथै अन्य संक्रमणको सम्भावना र क्वारेन्टाईनमा रहनुभएका व्यक्तिहरुको परिक्षण समेत हुने जानकारी गराउन चाहान्छु। यसबाट तत्कालिन अवस्थामा गाउँपालिका भित्र संक्रमण कोहि कसैमा नदेखिनु सकारात्मक तथा खुशिको कुरा हो तथापि हामी संक्रमणको जोखिमबाट भने पुर्ण सुरक्षित भईसकेका छैनौं त्यसैले सजग हुनैपर्दछ। यस्तो अवस्थामा नेपालमा अन्यत्र कोरोना संक्रमित विरामी बढ्दै जाँदा नेपाल सरकारले तेस्रो पटक लकडाउनको अवधी २०७७ बैशाख १५ गते सम्मका लागि थप गरेको छ। यस अवस्थामा लकडाउनको पुर्ण पालना गर्नु हामी सबैको दायित्व हो। मुख्य सडक तथा अन्य ग्रामिण सडक र सीमा क्षेत्रमा हुने आवतजावत पुर्ण रुपमा निषेध गर्न समुदायको मुख्य भूमिका रहन्छ। यो लकडाउनको परिपालना गर्नु सरकार वा स्वास्थ्यकर्मी वा सुरक्षाकर्मी वा अन्य कुनैको लागि भन्दा पनि तपाई हाम्रो स्वास्थ्यको लागि हो भन्ने कुरा बुझ्नु जरुरी छ। विदेशी मुलुकहरुमा रहनुभएका सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरु जहाँ हुनुहुन्छ त्यही ठाउँमा सुरक्षित साथ रहनुहुन अनुरोध गर्दछु र संघ सरकार समक्ष विदेशमा रहनुभएका सम्पुर्ण नेपाली नागरिकहरुको उद्दार गरी घर फिर्ती वा सोहि मुलुकमा त्रासरहित वातावरणमा सुरक्षित रहने अवस्था सुनिश्चितताका लागि प्रभावकारी कुटनीतिक पहल गरिदिनुहुन अनुरोध गर्दछु। हालको अवस्थामा विदेशमा रहनुहुनेको विवरण तयार भएको समेत जानकारी गराउँछु। त्यसरी फिर्ता आउनुहुने ऐरावतीका नागरिकका लागि तोकिए बमोजिम आधारभुत सुविधा सहितको क्वारेन्टाईन स्थलमा राख्न सकिने कुरामा विश्वास दिलाउन चाहान्छु। गाउँपालिका वासी सम्पुर्णमा COVID 19 सँग सम्बन्धित आधिकारिक निकायबाट जारी भई स्रोत पुष्टि भएका सुचना तथा समाचारहरुमा मात्र विश्वास गर्नुभई हल्लाको भरमा र तथ्य पुष्टि नहुने समाचारको आधारमा त्रसित नभई नेपाल सरकारका र साझेदार सरोकारवाला निकायबाट जारी गरिएका आदेश तथा अनुरोधको पुर्ण पालना गर्नुहुन हार्दिक अपिल गर्दछु।

नविल विक्रम शाह
अध्यक्ष

Scanned by CamScanner

ऐरावती गाउँपालिकावासीलाई कोरोना संक्रमणबाट सुरक्षित राख्नु हाम्रो पहिलो प्राथमिकता हो। उक्त संक्रमणको जोखिमबाट सिर्जित त्रासबाट मुक्त गराई दैनिक जीवनयापन सामान्य अवस्थामा ल्याउनु हाम्रो जिम्मेवारी हो। उक्त जिम्मेवारी पुरा गर्न हामीले सचेतनामुलक सन्देश प्रसारण, कोरोना संक्रमणको आशंका गरिएका व्यक्तिहरुको परिक्षण, सीमा नाकामा अलपत्र व्यक्तिहरुको उद्दार, सुरक्षित क्वारेन्टाईन स्थल निर्माण, संक्रमणको जोखिम भएका मुलुकबाट आउनुभएका व्यक्तिहरुलाई क्वारेन्टाईन स्थलमा राख्ने व्यवस्था, राहत कोषको स्थापना तथा परिचालन, राहत वितरण, स्वास्थ्यकर्मीका लागि सुरक्षित सामाग्रि तथा औषिधिजन्य सामाग्रिको व्यवस्थापन लगाएतका कार्य गर्दै आएका छौं। उल्लेखित काम गाउँपालिका एक्लैले सम्भव छैन र यस कार्यमा संघ तथा प्रदेश सरकार, प्यूठान जिल्ला स्थित जिल्ला स्तरीय विपद व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य कार्यालय, जिल्ला प्रहरी कार्यालय, गाउँपालिका, वडा कार्यालय, सामुदायिक विद्यालय, यातायात व्यवसायी समिति, उद्योग वाणिज्य संघ, होटल व्यवसायी संघ, प्रहरी चौकी, नेपाल पत्रकार महासँघ, गैर सरकारी संस्था, वैङ्क तथा वित्तिय संस्था, स्वास्थ्य चौकीहरु आदिको सहयोग तथा समन्वयमा सम्भव भईरहेका छन। यो कार्यमा सहयोग गर्नुहुने सम्पुर्ण जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधिहरु, स्वास्थ्य कर्मी, सुरक्षाकर्मी, गाउँपालिका अन्तर्गतका कर्मचारीहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, गैरसरकारी संस्थामा कार्यरत कर्मचारी, महिला स्वास्थ्य स्वयम सेविका, स्वयमसेवकहरु, पत्रकार मित्रहरु, राहत कोषमा योगदान गर्नुहुने सम्पुर्ण सहयोग दाताहरु लगाएत सम्पुर्ण गाउँपालिकावासीहरुमा हार्दिक आभार प्रकट गर्न चाहान्छु।

दैनिक जीवनयापन गर्न अफ्ठ्यारो अवस्था भएका घरपरिवारको पहिचान भईसकेको र आवश्यकताका आधारमा राहत वितरणको कार्य शुरु गरेका छौं। राहत पाउनका लागि वास्तविक व्यक्तिको पहिचानमा यहाँहरुको भूमिका महत्वपुर्ण रहने हुँदा गलत सूचना दिई राहत लिनेको सूचीमा कोहि कसैको नाम भूलवस समावेश वा छुट हुन गएमा जानकारी गराईदिनुहुन समेत सम्बन्धित सवैमा अनुरोध गर्दछु। यहाँहरुको दैनिकि सहज बनाउनु हाम्रो जिम्मेवारी हो। गाउँपालिका वासी कोहि कसैलाई स्वास्थ्य सम्बन्धी समस्या वा दैनिक गुजारा चलाउन थप समस्या भएमा नजिकको स्वास्थ्य संस्था, वडा कार्यालय वा जनप्रतिनिधिलाई यथाशिघ्र जानकारी गराउनुहुन अनुरोध गर्दछु। हरेक वस्तीहरुमा खाद्यान्नको सहज आपुर्ति, कालो वजारी नियन्त्रण तथा महङ्गी नियन्त्रका लागि उद्योग वाणिज्य संघ, सरोकारवाला तथा सम्पुर्ण उपभोक्ताहरुको सहयोगको अपेक्षा गरेको छु।

वर्तमान अवस्थामा विश्वकै आर्थिक गतिवधि, तथा अन्य विकासका कामहरु प्रायः ठप्प छन। कोरोना संक्रमणको प्रभाव कहिले सम्म रहने एकिन गर्न कठिन छ नै तथापी यसको कारणबाट हुने अन्य क्रियाकलापहरुलाई सुचारु गर्ने विषयमा सवै सचेतता पुर्वक लाग्नु जरुरी छ। विकास निर्माणका कार्य तथा खाद्यान्न उत्पादनका कार्यहरु रोकिरहने अवस्थामा आगामी दिनहरु जटिल बन्ने निश्चित छ तसर्थ विकास निर्माणमा संलग्न श्रमिकहरुको स्वास्थ्य परिक्षण गरी संक्रमण नभएका र संक्रमणको जोखिम नभएका व्यक्तिहरुलाई छुट्टै रही काम गर्ने वातावरण कायम गर्ने कार्यमा

नलिन विक्रम शाह
अध्यक्ष

Scanned by CamScanner

सहजीकरण गरिदिनुहुन संघ तथा प्रदेश सरकारलाई अनुरोध गर्दछु । खेतीयोग्य जमिनलाई बाँझो नछोडि मौसम अनुसारको खाद्य वाली, फलफुल, तरकारी, तेलहन तथा दलहन वाली उत्पादन गर्नुहुन अपिल गर्दछु । उक्त कार्यहरु गर्दा सामाजिक दुरी कायम गर्दै रोगको संक्रमण हुन बाट जोगिन अवलम्वन गर्नुपर्ने आधारभूत सजगताका उपायहरु भने अनिवार्य रुपमा अपनाउनु हुनेछ भन्ने पुर्ण विश्वास छ । कृषि उत्पादन सम्बन्धी विशेषज्ञ सेवा चाहिएमा गाउँपालिकाको कृषि सेवा शाखाबाट लिन सकिने व्यहोरा अवगत गराउँछु । उत्पादित कृषि उपज उपभोग नभई तत्काल नष्ट हुने अवस्था भएमा उत्पादित कृषि उपजको मात्रासहितको विवरण समयमै सुचना दिनुभएमा सो को गाउँपालिका तथा कृषि सहकारी मार्फत व्यवस्थापन गरिने व्यहोरा समेत जानकारी गराउँछु । भविष्यमा हुन सक्ने सम्भावित भोकमरीको जोखिम न्युनिकरण गर्न आफूसँग भएको नगद तथा खाद्यान्नको फजुल खर्च नियन्त्रण गर्नुहुन विनम्र अनुरोध गर्दछु ।

मेघा बैङ्क नेपाल, ऐरावती शाखामा यस गाउँपालिकाको **कोरोना रोग संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोष (प्रकोप व्यवस्थापन कोष ) (खाता नं १०९००१०००३४६४)** स्थापना गरिएको छ । उक्त खातामा गाउँपालिकाबाट तत्कालिन अवस्थामा रु २० लाख जम्मा गरिएको छ । यस गाउँपालिकामा जन्मथलो भई अन्य स्थानमा कर्मथलो बनाउनुभएका तथा यहि क्षेत्रलाई कार्यथलो बनाउनुहुने र ऐरावतीवासीलाई माया गर्नुहुने व्यक्ति तथा संघसंस्था सवैमा उक्त कोषमा नगद सहायता गरिदिनुहुन अपिल गर्दछु । साथै स्थानीय उत्पादनको रुपमा रहेका खाद्यान्नहरु पनि सहयोग गर्न सकिने जानकारी गराउँछु । उक्त कोषमा गरिएको सहायता रकम कोषको उद्देश्य बमोजिम तोकिएका क्षेत्रमा मात्र खर्च हुने र सो विवरण समेत सार्वजनिक गरिने व्यहोरा अवगत गराउन चाहान्छु । विपन्न तथा श्रमिक वर्गका लागि राहतको रुपमा खाद्यान्न वितरण गर्दा यथासम्भव स्थानीय उत्पादनलाई जोड दिईनेछ ।

गाउँपालिकावासीको सर्वोत्तम हित हुने गरी सेवामा खटिनुभएका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयम सेविका, सुरक्षाकर्मी, स्वयमसेवक तथा सम्पुर्ण कर्मचारी साथीहरुलाई ऐरावतीवासीलाई संक्रमणको जोखिमबाट टाढा बनाई त्रासरहित वातावरण सिर्जना गर्ने कार्यमा उत्प्रेरित भई आ आफ्नो जिम्मेवारीमा खरो उत्रिनका लागि आग्रह गर्दछु । साथै संघ तथा प्रदेश सरकार, जिल्ला स्थित सरोकारवाला कार्यालय, गैरसरकारी संस्था, राजनैतिक दल, सहयोग दाता, पत्रकार मित्रहरु सवैसँग सययोग, सहकार्य र समन्वय गरी अघि बढ्न गाउँपालिका सदैव तत्पर रहेको व्यहोरा जानकारी गराउँदै नियमित सहयोगको अपेक्षा गर्दछु ।

**"सजग रहौं, कोरोना संक्रमणबाट बचौं"**

नविल विक्रम शाह
अध्यक्ष

**नविल विक्रम शाह**

**अध्यक्ष**

**ऐरावती गाउँपालिका, प्यूठान**

**मितिः २०७७ वैशाख ३ गते**

ऐरावती गाउँपालिका
२०७२

Scanned by CamScanner